# पुतलीबजार नगरपालिकाको

# स्वाथ्य, सरसफाइ तथा
# वातावरण निर्देशिका

२०६८

# विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| | परिच्छेद १ | |
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | आवश्यकता | २ |
| ४ | मर्मत संभार कोष निर्देशिकाको उद्देश्य | २ |
| | परिच्छेद २ | |
| ५ | सडक मर्मत संभार नीतिहरु | २ |
| | परिच्छेद ३ | |
| ६ | भौतिक संरचनाको वर्गीकरण | ३ |
| | परिच्छेद ४ | |
| ७ | कोषमा प्राप्त हुने रकम | ४ |
| ८ | मर्मत संभार कार्यान्वयन प्रक्रिया | ५ |
| | परिच्छेद ५ | |
| ९ | मर्मत संभार कोष संचालन कार्यविधि | ५ |
| | परिच्छेद ६ | |
| १० | लेखा र लेखा परिक्षण | ६ |
| | परिच्छेद ७ | |
| ११ | निर्देशन दिनसक्ने | ६ |
| १२ | अनुगमन तथा रेखदेख | ६ |
| १३ | अधिकार प्रत्यायोजन | ६ |
| १४ | दायित्व सर्ने | ६ |
| १५ | बाधा अड्काउ फुकाउने अधिकार | ६ |
| १६ | बचाउ | ६ |

# पुतलीबजार नगरपालिकाको
स्वाथ्य, सरसफाइ तथा वातावरण
निर्देशिका-
**२०६८**

पुतलीबजार नगरपालिकाको बढ्दो शहरीकरणबाट उत्पन्न फोहरमैला,सरसफाई, स्वाथ्य तथा वातावरणयि समस्यारु न्यनिकरण गर्नका लागि शहर स्वस्थ, सफा, भौगोलिक बनोट अस्थिर किसिमको, भिरालोपना, अव्यवस्थित ढल निकासले गर्दा प्राकृतिक प्रकोपको दृष्टिबाट पनि यस नगरपालिका क्षेत्रलाई संवेदनशील मानिन्छ। यस्तो अवस्थामा नगरपालिका र अन्य निकायबाट निर्माण गरिएका भौतिक संरचनाहरु भू-क्षय तथा नदी कटान जस्ता समस्याबाट ग्रस्त हुने र सडकमा हुने अवरोधले गर्दा अन्य कार्यहरु प्रत्यक्ष वा परोक्ष रुपबाट प्रभाव पर्ने भएकोले निर्माण गरिएका भौतिक संरचनालाई लामो अवधिसम्म चालु अवस्थामा राख्नको लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ५४ (घ) मा व्यवस्था भए अनुसार मर्मत संभार विशेष कोषलाई व्यवस्थित गर्न पुतलीबजार न. पा. को १३ औं नगरपरिषदबाट मर्मत संभार कोष संचालन निर्देशिका तर्जूमा गरी लागू गरिएको छ।

## परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "पुतलीबजार नगरपालिकाको मर्मत संभार कोष संञ्चालन निर्देशिका,२०६६" रहेकोछ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ।

**(ग) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्दछ ।**

**(घ) "परिषद्" भन्नाले पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ ।**

**(ङ) "बोर्ड" भन्नाले पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ ।**

**(च) "कोष" भन्नाले सडक तथा अन्य भौतिक पूर्वाधारसँग सम्बन्धीत संरचना मर्मत सुधारको लागि प्राप्त भै जम्मा गरी एकमुष्ट गरिएको रकम सम्झनुपर्दछ ।**

**(छ) "कर्मचारी" भन्नाले पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ ।**

**(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।**

**(झ) "कार्यकारी अधिकृत" भन्नाले पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।**

**(ञ) "तोकिएको" वा "तोकिए बमोजिम्" भन्नाले बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।**

## ३. आवश्यकताः

**नगरपालिकाको लागि मर्मत संभार कोष निर्देशिका निम्न कार्यको लागि आवश्यक भै तर्जूमा गरिएको छ ।**

१. नगरपालिकाबाट निर्माण गरिएको अन्य निकायबाट निर्माण भै न. पा.मा हस्तान्तरण भै आएका सडक लगायतका अन्य भौतिक संरचनाको व्यवस्थित अभिलेख राख्न ।

२. निर्मित संरचनाहरुको मर्मत संभार समयमै गर्न ।

३. मर्मत संभार कोषलाई व्यवस्थित गर्न ।

४. मर्मत संभार कोषको श्रोतमा बृद्धि गर्न ।

५. मर्मत संभार कोषबाट गरिने खर्चलाई व्यवस्थित गर्न ।

६. निर्मित पूर्वाधारको अवस्थालाई लामो समयसम्म दीगो रुपमा कायम राखी नियमित रुपले संचालनमा राख्न ।

## ४. मर्मत संभार कोष निर्देशिकाको उद्देश्यः

नगरपालिकाको लगानीबाट निर्मित/हस्तान्तरित भौतिक संरचनालाईकाल (समय) तथा

उपभोगद्वारा हुने स्तर ह्रासको असरलाईकम गरी उपयोगी तथा उपभोग्य अवस्थामा राख्न, मर्मत संभारको लागि आवश्यक पर्ने साधन श्रोतको उचित व्यवस्थापन गर्नु निर्देशिकाको उद्देश्य हुनेछ ।

# परिच्छेद -२

## ५. मर्मत संभार नीतिहरुः

मर्मत संभारको लागि नगरपालिकाको निम्नानुसारका नीतिहरु हुनेछन् ।

१. नगरपालिकाले निर्माण भई सकेका भौतिक संरचनाहरुलाई चालु अवस्थामा राख्न निश्चित प्रतिशत बजेट छुट्ट्याउनेछ ।

२. निर्मित संरचनाहरुलाई चालु अवस्थामा राख्न विभिन्न सेवा प्रदायकबाट वार्षिक रुपमा सेवाशुल्क लिई चालु अवस्थामा राख्ने नीति लिइनेछ ।

३. भौतिक पूर्वाधार सडक निर्माणको लागि बजेट विनियोजन गर्दा केही अंश सडक मर्मत संभार कोषमा राख्ने नीति लिइनेछ ।

४. नगरपालिकाले भौतिक पुर्वाधार मर्मत संभारको लागि आफ्नो आन्तरिक आयको केही अंश र मर्मत संभारको लागि विभिन्न श्रोतबाट प्राप्त हुने रकम समेत मर्मत संभार कोषमा राखी वार्षिक मर्मत संभारकार्य योजना तयार गर्ने नीति लिइनेछ ।

५. नगरक्षेत्रका सम्पूर्ण भौतिक संरचना सडकलाई सधैं चालु अवस्थामा राखनको लागि बहुवार्षिक कार्यक्रम (मंसिर देखि कात्तिक मसान्तसम्म) तर्जुमा गरी नगरक्षेत्रका सबै सडकहरुलाई बाहै महिना चालु अवस्थामाराख्ने नीति हुनेछ ।

६. सडक मर्मत कार्यक्रमलाई व्यवस्थित गर्न नगरपालिकाले समिति गठन गर्न **सक्नेछ ।**

# परिच्छेद -३

# वर्गीकरण

**६. नगरपालिका क्षेत्रभित्रका भौतिक संरचनालाई निरन्तर दुरुस्त अवस्थामाराख्न मर्मत संभार गर्नुपर्ने भौतिक संरचनाहरुको वर्गीकरण निम्नानुसार गरिनेछ ।**

**क. नियमित मर्मत संभारः**

निरन्तर दुरुस्त अवस्थामा राख्न आवश्यक पर्ने सामान्य खर्च लाग्दछ ।

**ख. आवधिक मर्मत संभारः**

यसमा निर्मित संरचनालाई निश्चित समयान्तरमा गरिने मुख्य-मुख्य मर्मत संभारका कार्य पर्दछन् ।

**ग. विस्तृत मर्मत संभारः**

नियमित वा आवधिक मर्मत संभारबाट पनि निरन्तर दुरुस्त अवस्थामा राख्न नसकिने देखिएमा गरिने मर्मत संभार जसमा Redesigning realignment reconstruction र upgrading गर्ने गरिन्छ ।

**घ. आपतकालिन मर्मत संभारः**

तत्काल मर्मत संभार नगर्दा ठूलो क्षति हुने अवस्थामात्यस्ता संरचनाको मर्मत संभार गरिनेछ । साथै बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने क्षतिबाट सडकको संरक्षण गर्न तथा क्षति भएको सडकलाई मर्मत संभार गरी चालु राखिनेछ ।

# परिच्छेद -४

## कोष व्यवस्थापन तथा कार्यान्वयन प्रक्रिया

**७. कोषमा प्राप्त हुने रकमः**

**मर्मत संभार कोषमा देहायका रकम प्राप्त हुनेछन्ः–**

१. नगरपालिकाले आफ्नो आन्तरिक आम्दानीबाट सडक मर्मत संभार कोषको लागि छुट्याएको रकम,
२. योजना कार्यान्वय हुँदा सोही योजनाको बजेटबाट मर्मत संभारकोषमा प्राप्त हुने रकम प्रस्तावित ३ देखि ५ प्रतिशत,
३. नेपाल सरकारबाट सडक मर्मत संभारको लागि प्राप्त हुने रकम,
४. जिल्ला विकास समितिबाट मर्मत संभारको लागि प्राप्त हुने रकम,
५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,
६. सडक बोर्डबाट प्राप्त हुने रकम,
७. नगरपालिकाबाट निर्मित सडकको सेवा शुल्कबाट प्राप्त हुने निश्चित प्रतिशतको रकम,
८. नगरपालिकाबाट निर्मित/हस्तान्तरित सडक/अन्य भौतिक संरचनाको सेवाशुल्कबाट प्राप्त अन्य रकम

## ८. मर्मत संभार कार्यान्वय प्रक्रियाः

नगरपालिकाबाट निर्मित संरचनाको मर्मत संभार कार्यान्वयन प्रक्रिया निम्नानुसार हुनेछः-

१. प्रत्येक आर्थिक वर्षको परिषदबाटममर्मत संभार सम्बन्धी कार्यक्रम स्वीकृत गरिनेछ ।
२. नगरपालिका क्षेत्रभित्र निर्मित सडक लगायतका संरचना मर्मत संभार निम्न तरिकाबाट गरिनेछ ।

क) नियमित मर्मत संभारको लागि सडक मर्मत संभार सेवा करारः

यसमा मर्मत संभार गनुपर्ने सडकको नियमित संभारको लागिमंसिर देखि कात्तिक सम्मको कायृक्रम, लागत अनुमान तयार गर्ने र उक्त लागत अनुमानको आधारमा निर्माण व्यवसायीबाट मर्मत संभार सेवा करारमा लिने । यसरीमर्मत संभार गरएका सडकको Ridding surfaceindex सडकमा सवारी साधन गुड्दा/गुडाउँदा उपयुक्त हुने नहुने स्थितको मूल्याँकन गरी सही आधारमा प्रत्येक ३/ ३ महिनामा कार्य मूल्याँकन गरी करारवालालाई किस्ताबन्दीमा रकम भुक्तानी दिइनेछ ।

ख) नगरपालिकाबाट अमानतबाट मर्मत संभार गर्ने ।

ग) उपभोक्ता समितिबाट

घ) ठेक्कापट्टाको माध्यमबाट स्थानीय निर्माण व्यवसायी नियुक्ति गरी

# परिच्छेद -५

# कोष संचालन कार्यविधि

**९. मर्मत संभार कोष संचालन कार्यविधि निम्न अनुसार हुनेछः-**

१. नियम बमोजिम् प्राप्त रकम नगरपालिकाको नाममा छुट्टै खातामा राखिनेछ ।

२. उक्त खाता नगरपालिकाको कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

३. यस खातामा रहेको रकम सडक, कुलो, नहर, नाली, ढल एवं नगरपालिकाले लगानी गरी निर्माण गरिएको वा हस्तान्तरण भई आएको भौतिक संरचनाहरु मर्मत संभार देखि बाहेक अन्य कार्यमा खर्च गरिने छैन ।

# परिच्छेद -६

# लेखा र लेखापरीक्षण

१. यस खाताबाट हुने खर्चको लेखा "स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम २०६४" बमोजिम् हुनेछ ।

२. खाताबाट खर्च भएको रकमको नगरपालिकाको अन्य खर्च जस्तै गरी आन्तरिक र अन्तिम लेखापरीक्षण गरिनेछ ।

# परिच्छेद -७

# विविध

**१०.निर्देशन दिन सक्नेः पुतलीबजार नगरपालिका बोर्डले समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।**

**११ अनुगमन तथा रेखदेखः** मर्मत संभार कोषबाट भएको कामको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको आर्थिक प्रशासन शाखा तथा योजना शाखाले गर्नुपर्नेछ ।

**१२ अधिकार प्रत्यायोजनः** यस निर्देशिकाका सम्बन्धीत प्राविधिक बोर्डलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१३ दायित्व सर्नेः** यो निदेशिका प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको मर्मत संभारसँग सम्बन्धीत हक वा दायित्व यस निर्देशिका बमोजिम्को कोषमा सर्नेछन् ।

**१४ बाधा अड्काउ फुकाउने अधिकारः** यो निर्देशिका प्रयोगमा कुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।

**१४ बचाउः** यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाले यस विषयमा भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम् भए गरेको मानिनेछ ।

(समाप्त)

# पुतलीबजार नगरपालिकाको

# तरकारी- फलफूल र माछ्रा-मासु व्यवसाय संचालन सम्बन्धी आचार संहिता

# २०६६

## विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | उद्देश्य | २ |
| ४ | नगरक्षेत्रभित्र मासुको व्यवस्थित बिक्री वितरणको लागि नगरपालिकाबाट लिइने नीति र रणनीतिहरु | २ |
| ५ | नगरपालिकाको तर्फबाट गरिने बूँदाहरु | ३ |
| ६ | मासु व्यवसायीहरुबाट पालन गरिनु पर्ने बूँदाहरु | ३ |
| ७ | फलफूल र तरकारीको आपूर्ति व्यवस्थापन | ४ |
| ८ | नीति र रणनीतिहरु | ४ |
| ९ | फलफूल र तरकारीको आपूर्ति व्यवस्थित गर्न व्यवसायीहरुबाट पालन गरिनुपर्ने बूँदाहरु | ५ |
| १० | फलफूल र तरकारीको आपूर्ति व्यवस्थापनको लागि नगरपालिकाबाट पालन गरिने बूँदाहरु | ६ |
| ११ | नगरपालिका क्षेत्रभित्र मासुजन्य पदार्थ, फलफूल तथा तरकारी बिक्री वितरणको संगठनात्मक व्यवस्था | ६ |
| १२ | समन्वय समितिको काम कर्तव्य | ७ |
| १३ | निर्देशन दिन सक्ने | ७ |
| १४ | अनुगमन तथा रेखदेख | ७ |
| १५ | अधिकार प्रत्यायोजन | ७ |

| | | |
|---|---|---|
| १६ | दायित्व सर्ने | ७ |
| १७ | बाधा अड्काउ फुकाउने अधिकार | ८ |
| १८ | निर्देशिका जारी गर्न सकिने | ८ |
| १९ | बचाउ | ८ |



# पुतलीबजार नगरपालिका तरकारी, फलफुल र माछा-मासु व्यवसाय संचालन सम्बन्धी आचार संहिता, २०६६

पुतलीबजार नगरबासीको समुचित स्वास्थ्य र दीर्घकालिन हितलाई ध्यानमा राखी माछा मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुको स्वाभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर, सुपथ मुल्य र सहज आपुर्ति कायम राख्न तथा पुतलीबजार नगरक्षेत्रभित्र फलफुल र तरकारीको स्वभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम गर्न र सुपथ मुल्य एवं सहज व्यवस्थित बिक्री वितरणको व्यवस्था गर्न आवश्यक भएकोले

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७५ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाको १३ औं नगरपरिषद्ले देहायको आचार संहिता बनाई लागू गरेको छ।

## परिच्छेदः- एक

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचार संहिताको नाम " पुतलीबजार नगरपालिका तरकारी, फलफुल र माछा-मासु व्यवसाय संचालन सम्बन्धी आचार संहिता, २०६६" हुनेछ।

(२) यो आचार संहिता नरपरिषद्बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ।

(ग) “नगरपालिका” भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्दछ ।

(घ) “परिषद्” भन्नाले पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ ।

(ङ) “बोर्ड” भन्नाले पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ ।

(च) “समन्वय समिति” भन्नाले तरकारी, फलफुल र माछा-मासु व्यवसायको बिक्री वितरणलाई व्यवस्थीत गर्न गठित समिति सम्झनुपर्दछ ।

(छ) “कर्मचारी” भन्नाले पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ ।

(ज) “पशु” भन्नाले गाई, गोरु, साँढे, बाहेक भाले जातको खसी तुल्याइएको वा नतुल्याइएको बोका, भेंडा, च्याङ्ग्रा, सुँगुर, बंगुर, बँदेल, राँगो, खरायो, वा मासुको लागि योग्य देखिएको थारा भैंसी बाखा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुँगुर, बंगुर, बँदेल, वा खरायो सम्झनुपर्दछ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपंछी समेत सम्झनुपर्दछ ।

(झ) “मासु” मानिसले खान योग्य पशुको मासु सम्झनुपर्दछ ।

(ञ) “पशु वधशाला” भन्नाले मासुको निमित्त पशु बध गर्न बनाइएको घर वा ठाँउ सम्झनुपर्दछ ।

(ट) “निरीक्षक” भन्नाले नगरपालिकाले मासु जाँचको लागि नियुक्ती गरेको निरीक्षकलाई सम्झनुपर्दछ ।

(ठ) “आर्थिक वर्ष” भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(ड) “कार्यकारी अधिकृत” पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम्” भन्नाले बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ण) “व्यवसायी” भन्नाले पुतलीबजार नगरपालिकामा माछा र मासु, फलफुल तरकारी व्यवसाय गरी बित्री वितरण गर्न न. पा. मा नियमअनुसार व्यवसाय दर्ता गरी बिक्री वितरण गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सम्झनुपर्दछ ।

**३. उद्देश्यः** माछा-मासु ,फलफुल तथा तरकारी व्यवसायलाई व्यवस्थित रुपमा संचालन गरी जनतालाई स्वच्छ ताजा तथा गुणस्तरीय वस्तु वा सेवा सर्वसुलभ ढंगले सुपथ मूल्यमा उपलब्ध गराउने ।

# परिच्छेदः- दुई

## ४. नगरक्षेत्रभित्र मासुको व्यवस्थित बिक्री वितरणको लागि नगरपालिकाबाट लिइने नीति तथा रणनीतिहरु :

(१) मासु निरीक्षकको नियुक्ती गरी तोक्ने व्यवस्था हुनेछ। मासु सुपरीवेक्षण गर्ने कार्य सम्बन्धीत पशु सेवा कार्यालयको प्रमुख वा अधिकृत स्तरको कर्मचारीको सहयोग र समन्वयमा गरिनेछ।

(२) पशु बध गर्नु अघि बिक्रेताले पशुपंछीहरु जचाँउने व्यवस्था मिलाइनेछ।

(३) पशु बधशालामा बध गरिएका पशुको मासु जाँच गरेर वितरण गरिनेछ।

(४) मरेका पशुको मासु बिक्री गर्न मिसावट गरी मासु बिक्री गर्न नपाइने व्यवस्था मिलाइनेछ।

(५) मासु जाँच गर्दा लाग्ने दस्तुर मासु व्यवसायीबाट तिर्नुपर्ने व्यवस्था मिलाइनेछ।

(६) मासु सुपरीवेक्षक तथा निरीक्षकले जुनसुकै बेला पशु बधशाला वा मासु बिक्री गरिने स्थानमा प्रवेश गरी पशुपंछी वा मासु जाँच गर्न वा मासुको नमुना लिन सक्नेछ।

(७) मासु व्यवसायीहरुलाई आफ्नो व्यवसाय अनिवार्य रुपमा नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

(८) व्यवस्थीत पशु बधशालाको निर्माण गरिनेछ।

# परिच्छेदः- तीन

## ५. नगरपालिकाको तर्फबाट पालना गरिने बूँदाहरु देहाय बमोजिम् हुनेछः

(१) मासु जन्य वस्तुको मूल्य निर्धारण नगरपालिका, स्थानीय प्रशासन, कृषि र पशु कार्यालयको प्रमुख, स्थानीय उद्योग बाणीज्य संघ र मासु व्यवसायीहरुको उचित परामर्शमा गरिनेछ।

(२) पुतलीबजार नगरपालिकाबाट एक छुट्टै पशुबधशालाको व्यवस्था गरिने छ।

(३) पुतलीबजार नगरपालिकाबाट मासु निरीक्षकको व्यवस्था गरिनेछ।

(४) पुतलीबजार नगरपालिकाबाट माछा-मासु, तरकारी तथा फलफुल बिक्रीको लागि निश्चित स्थान तोकिनेछ।

(५) पुतलीबजार नगरपालिकाबाट नियमित रुपमा मासु जाँचको व्यवस्था मिलाइनेछ।

(६) स्वास्थ्यको लागि हानिकारक माछा-मासु तरकारी फलफुल खाँदा त्यसबाट नगरवासीमा पर्न जाने असरको बारेमा नगरपालिकाबाट जनचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ।

(७) नगरपालिकाबाट मासु बिक्रेताको व्यवसायलाई अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था गरिनेछ।

(८) मासुजन्य पदार्थ संकलित फोहरलाई Land fill site सम्म उचित ढुवानीको व्यवस्था गरिनेछ।

(९) व्यवसाय दर्ता तथा नविकरणको लागि दस्तुर निर्धारण गरिनेछ।

(१०) व्यवसाय दर्ता प्रक्रिया सहज र सरल गराइनेछ ।

# परिच्छेदः- चार

## ६. मासु व्यवसायीहरुबाट पालना गरिने बूँदाहरु देहाय बमोजिम् हुनेछः

(१) मासु व्यवसायीहरुबाट नगरपालिकाले तोकेको स्थानमा मात्र बध गरिनेछ ।

(२) बध गर्नु पूर्व तोकिएको पशु चिकित्सकबाट स्वास्थ्य परीक्षण गराइनेछ ।

(३) नगरपालिकाले तोकेको स्थानमा मात्र मासुको बिक्री वितराण गरिनेछ ।

(४) रोग लागि वा नलागि मरेका जीवजन्तुको मासुजन्य वस्तुहरु बिक्री गरिनेछैन ।

(५) खुला स्थानमा राखी मासु बिक्री गरिनेछैन । मासु बिक्री गर्दा सिसाको बक्सभित्र राखी बिक्री वितरण गरिनेछ ।

(६) मासु बिक्रेताले नगरपालिकामा मासु बिक्री व्यवसाय दर्ता गरी मात्र बिक्री गरिनेछ ।

(७) उपभोक्ताहरुलाई स्वस्थ, शुद्ध, सफा मासु उपलब्ध गराई सामाजिक उत्तरदायित्व निर्वाह गरिनेछ ।

(८) अखाद्य तत्वहरु खुवाई अनावश्यक तौल बढाइने जस्ता अनैतिक कार्य गरिनेछैन ।

(९) सडेगलेका मासुजन्य वस्तुहरु बिक्री वितरण गरिनेछैन ।

(१०) व्यवसाय संचालन गर्नु पूर्व पसल दर्ता गरी नगरपालिकाबाट तोकिएको दस्तुर समयमै बुझाइनेछ ।

(११) मासुजन्य पदार्थबाट निस्कने फोहरलाई नगरपालिकाले तोकेको स्थानमा संकलन गरिनेछ ।

(१२) मासुको मूल्य सूची अनिवार्य रुपमा राखिनेछ ।

(१३) नगरपालिकाबाट समय-समयमा निरीक्षण गरी दिएको निर्देशनको पालना गरिनेछ ।

(१४) स्त्री चौपाय तथा रोगी खसी, बोका, पाडा/राँगा, बंगुर, हाँस, कुखुरा आदिकोमासु बिक्री वितरण गरिनेछैन । (बाझिएको छ ।)

(१५) परिच्देद १ को दफा २मा उल्लेखित पशु बाहेक अन्य पशुको मासु बिक्री गरिनेछैन ।

# परिच्छेदः- पाँच

## ७. फलफुल तथा तरकारीको आपूर्ति व्यवस्थापनः

पुतलीबजार नगरबासीको स्वास्थ्य र हित कायम राख्न फलफूल तथा तरकारी जन्य खाद्य पदार्थमा मिसावट रोकन र उक्त खाद्य पदार्थको स्वाभाविक गुण बिग्रन नदिन उपयुक्त स्तर कायम राख्न सुपथ मूल्य र सहज आपुर्ति कायम राख्नको लागि नगरभित्र स्वास्थ्य सुपथ र सहज ढंगले तरकारी तथा फलफुलकोबिक्री वितरणको व्यवस्थ ागर्न आवश्यक भएको छ ।

# परिच्छेदः- छ

## ८. नीति तथा रणनीतिहरु :

१) नगरवासीको स्वाथ्यताको लागि उनीहरुको दैनिक उपभोग्य वस्तु तरकारी तथा फलफुलको सुलभ आपूर्ति व्यवस्था मिलाइनेछ ।

२) तरकारी तथा फलफुलको बिक्री वितरणको लागि उपयुक्त बिक्री स्थानको व्यवस्था मिलाइनेछ ।

३) बिक्री वितरण र सरसफाइको पक्ष बीच समन्वय कायम गरिनेछ ।

४) तरकारी तथा फलफुल बिक्रेतालाई नगरपालिकामा दर्ताको व्यवस्था मिलाइनेछ ।

५) व्यवसाय दर्ता तथा बिक्री वितरण गर्ने स्थान उपलब्ध गराए वापत तोकिएको दस्तुर लिइनेछ ।

६) अर्गानिक विधिबाट उत्पादित तरकारी तथा फलफुलको बिक्रीलाई प्रोत्साहन गरिनेछ ।

# परिच्छेदः- सात

## ९. फलफुल तथा तरकारीको आपूर्ति व्यवस्थित गर्न व्यवसायीहरुबाट पालना गरिनुपर्ने बूँदाहरु :

क) नगरपालिकाले नगरक्षेत्रभित्र तरकारी तथा फलफुलको बिक्रीको लागि उपलब्ध गराएको स्थानबाट मात्र बिक्री वितरण गरिनेछ ।

ख) बिक्री वितरण गर्दा उत्पादित फोहरलाई नगरपालिकाबाट तोकिएको संकलन केन्द्रसम्म पुऱ्याउनु पर्नेछ ।

ग) तरकारी तथा फलफुल व्यवसायीलेआफ्नो व्यवसाय नगरपालिका वा तोकेको कार्यालयमा अनिवार्य दर्ता गर्नुपर्नेछ ।

घ) तोकिएको स्थानभन्दा बाहिर सडक पेटीलाई असर पर्ने गरी बिक्री वितरण गरिनेछैन ।

ङ) बढी मुनाफा कमाउने उद्देश्यले तरकारी तथा फलफुलको कृतिम अभाव गरिनेछैन ।

च) स्वास्थ्यमा असर पर्ने खालका  सडेगलेका तरकारी तथा फलफुल बिक्री गरिनेछैन ।

छ) व्यवसायीहरुबाट बिक्री गरिने वस्तुको मुल्यसूची अनिवार्य रुपमा सबैले देख्ने गरी टास्ने व्यवस्था मिलाईनेछ ।

ज) व्यवसायीहरुबाट गैर खाद्य वस्तुको मिसावट गरी बिक्री वितरण गर्न पाइनेछैन ।

झ) स्वास्थ्यलाई हानि पुग्ने गरी विषादी  प्रगोग गरी उत्पादन गरिएको तरकारी तथा फलफुल बिक्री गरिनेछैन ।

# परिच्छेदः- आठ

## १०. तरकारी तथा फलफुलको आपूर्ति व्यवस्थाको लागि नगरपालिकाबाट पालना गरिने बूँदाहरुः

क) नगरपालिकाबाट  तरकारी तथा फलफुलको बिक्री वितरण गर्न उपयुक्त व्यवस्था मिलाइनेछ ।

ख)  नियमित आपूर्ति हुन सके नसकेको विषयम निरीक्षण तथा अनुगमनको व्यवस्था गरिने छ ।

ग)  बिक्री वितरणको क्रममा हुने फोहरलाई पचित व्यवस्था गर्ने

घ) बिक्री वितरण स्थलमा पूर्वाधार विकासको लागि लगानी गर्ने ।

ङ) तरकारी तथा फलफुल बजारको विकासको लागि सार्वजनिक नीजि साझेदारी प्रक्रिया अवलम्बन गर्ने ।

च) नगर क्षेत्रमा जथाभावी बिक्री वितरण हुने कार्यलाई नियन्त्रण गरिने ।

छ) बिक्री वितरणमा कृतिम अभावलाई नियन्त्रण गरिने ।

ज) गुणस्तर हीन तरकारी तथा फलफुलको बिक्री वितरणमा नियन्त्रण गर्ने ।

झ) बिक्री वितरणमा कालाबजारी हुनमा नियन्त्रण गरिने ।

# परिच्छेदः- नौ

# संगठनात्मक व्यवस्था

## ११. नगरपालिका क्षेत्रभित्र मासुजन्य पदार्थ, फलफुल तथा तरकारी बिक्री वितरण गर्नको लागि निम्नानुसारको संगठनात्मक व्यवस्था हुनेछः

क) समन्वय समिति

| | |
|---|---|
| - नगरप्रमुख | अध्यक्ष |
| - प्रतिनिधी उद्योग वाणीज्य संघ | सदस्य |
| - प्रतिनिधि कृषि /पशु कार्यालय | „ |
| - वडा अध्यक्षहरु | „ |
| - कार्यकारी अधिकृत | सदस्य सचिव |

## १२. समन्वय समितिको काम, कर्तव्यः

१. नगरक्षेत्रबाट उत्पादित फोहरलाई अन्तिम विसर्जन गर्न **Land fill site** को पहिचान निर्माण र संचालन ।

२. मासु तरकारी तथा फलफुल बिक्रेतालाई व्यवसाय दर्ताको व्यवस्थापन ।

३. व्यवसाय दर्ता तथा नविकरण दस्तुर नगरपरिषदबाट स्वीकृत गराउने ।

४. बिक्री वितरणमा हुने कृतिम अभावलाई नियन्त्रण गर्न ।

५. मासु सुपरीवेक्षक तथा मासु सुपरीवेक्षकको नियुक्तीको लागि व्यवस्था मिलाउने ।

६. कृतिम मूल्य बृद्धिलाई नियन्त्रण गर्ने ।

७. बिक्री वितरण स्थल निर्माणको लागि पूर्वाधारको विकास गर्ने ।

८. बिक्री वितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

९. बिक्री वितरण व्यवस्थित गन उप-समिति गठन गर्ने ।

# परिच्छेदः दश

# विविध

**१३.निर्देशन दिन सक्नेः** आचार संहिता संचालन प्रक्रियालई  व्यवस्थित गर्ने विषयमा पुतलीबजार नगरपालिका बोर्डले समितिलाईृ आवश्यक निर्देशन दिनसक्नेछ  र त्यसरी दिएको निर्देशन पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

**१४ अनुगमन तथा रेखदेखः** आचार संहिता पालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको वातावरण सरसफाइ तथा  बजार अनुगमन शाखाले गर्नुपर्नेछ ।

**१५ अधिकार प्रत्यायोजनः** यस विनियमावली बमोजिम् समितिलाई प्राप्त अधिकार मध्ये कुनै  वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१६ दायित्व सर्नेः** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको आचार संहितासँग सम्बन्धीत हक वा दायित्व यस विनियमावली बमोजिम् कोषमा सर्नेछन् ।

**१७ बाधा अड्काउ फुकाउने अधिकारः** यो विनियमावलीको प्रयोगमाकुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।

**१८ निर्देशिका जारी गर्न सकिनेः** यो विनियमावली कार्यान्वयन गर्न समितिको परामर्शमा बोर्डले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

**१९  बचाउः** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाले यस विषयमा भए गरेका सम्पूर्ण कार्यहरु यसै आचार संहिता बमोजिम् भए गरेको मानिनेछ ।

(समाप्त)

# पुतलीबजार नगरपालिकाको

# मर्मत संभार कोष संचालन
# निर्देशिका

२०६६

## विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| | परिच्छेद १ | |
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | आवश्यकता | २ |
| ४ | मर्मत संभार कोष निर्देशिकाको उद्देश्य | २ |
| | परिच्छेद २ | |
| ५ | सडक मर्मत संभार नीतिहरु | २ |
| | परिच्छेद ३ | |

| | | |
|---|---|---|
| ६ | भौतिक संरचनाको वर्गीकरण | ३ |
| | परिच्छेद ४ | |
| ७ | कोषमा प्राप्त हुने रकम | ४ |
| ८ | मर्मत संभार कार्यान्वयन प्रक्रिया | ५ |
| | परिच्छेद ५ | |
| ९ | मर्मत संभार कोष संचालन कार्यविधि | ५ |
| | परिच्छेद ६ | |
| १० | लेखा र लेखा परिक्षण | ६ |
| | परिच्छेद ७ | |
| ११ | निर्देशन दिनसक्ने | ६ |
| १२ | अनुगमन तथा रेखदेख | ६ |
| १३ | अधिकार प्रत्यायोजन | ६ |
| १४ | दायित्व सर्ने | ६ |
| १५ | बाधा अड्काउ फुकाउने अधिकार | ६ |
| १६ | बचाउ | ६ |


## पुतलीबजार नगरपालिकाको मर्मत संभार कोष संचालन निर्देशिका, २०६६

नगरपालिकाको भौगोलिक बनोट अस्थिर किसिमको, भिरालोपना, अव्यवस्थित ढल निकासले गर्दा प्राकृतिक प्रकोपको दृष्टिबाट पनि यस नगरपालिका क्षेत्रलाई संवेदनशील मानिन्छ । यस्तो अवस्थामा नगरपालिका र अन्य निकायबाट निर्माण गरिएका भौतिक संरचनाहरु भू-क्षय तथा नदी कटान जस्ता समस्याबाट ग्रस्त हुने र सडकमा हुने अवरोधले गर्दा अन्य कार्यहरु प्रत्यक्ष वा परोक्ष रुपबाट प्रभाव पर्ने भएकोले निर्माण गरिएका भौतिक संरचनालाई लामो अवधिसम्म चालु अवस्थामा राख्नको लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ५४ (घ) मा व्यवस्था भए अनुसार मर्मत संभार विशेष कोषलाई व्यवस्थित गर्न

पुतलीबजार न. पा. को १३ औं नगरपरिषदबाट मर्मत संभार कोष संचालन  निर्देशिका तर्जूमा गरी लागू गरिएको छ ।

# परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "पुतलीबजार नगरपालिकाको मर्मत संभार कोष संञ्चालन निर्देशिका,२०६६" रहेकोछ ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ ।

(ग) "नगरपालिका" भन्नाले  पुतलीबजार नगरपालिका सम्झनुपर्दछ ।

(घ) "परिषद्" भन्नाले  पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ ।

(ङ) "बोर्ड" भन्नाले  पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ ।

(च) "कोष" भन्नाले  सडक तथा अन्य भौतिक पूर्वाधारसँग सम्बन्धीत संरचना मर्मत सुधारको लागि प्राप्त भै जम्मा गरी एकमुष्ट गरिएको रकम सम्झनुपर्दछ ।

(छ) "कर्मचारी" भन्नाले  पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समााप्त हुने अवधिलाई  सम्झनुपर्दछ ।

(झ) "कार्यकारी अधिकृत" भन्नाले पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम्" भन्नाले  बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

**३. आवश्यकताः**

**नगरपालिकाको लागि मर्मत संभार कोष निर्देशिका निम्न कार्यको लागि आवश्यक भै तर्जूमा गरिएको छ ।**

१. नगरपालिकाबाट निर्माण गरिएको अन्य निकायबाट निर्माण भै न. पा.मा हस्तान्तरण भै आएका सडक लगायतका अन्य भौतिक संरचनाको व्यवस्थित अभिलेख राख्न ।

२. निर्मित संरचनाहरुको मर्मत संभार समयमै गर्न ।

३. मर्मत संभार कोषलाई व्यवस्थित गर्न ।

४. मर्मत संभार कोषको श्रोतमा बृद्धि गर्न ।

५. मर्मत संभार कोषबाट गरिने खर्चलाई व्यवस्थित गर्न ।

६. निर्मित पूर्वाधारको अवस्थालाई लामो समयसम्म दीगो रुपमा कायम राखी नियमित रुपले संचालनमा राख्न ।

## ४. मर्मत संभार कोष निर्देशिकाको उद्देश्यः

नगरपालिकाको लगानीबाट निर्मित/हस्तान्तरित भौतिक संरचनालाईकाल (समय) तथा उपभोगद्वारा हुने स्तर ह्रासको असरलाईकम गरी उपयोगी तथा उपभोग्य अवस्थामा राख्न, मर्मत संभारको लागि आवश्यक पर्ने साधन श्रोतको उचित व्यवस्थापन गर्नु निर्देशिकाको उद्देश्य हुनेछ ।

# परिच्छेद -२

## ५. मर्मत संभार नीतिहरुः

मर्मत संभारको लागि नगरपालिकाको निम्नानुसारका नीतिहरु हुनेछन् ।

१. नगरपालिकाले निर्माण भई सकेका भौतिक संरचनाहरुलाई चालु अवस्थामा राख्न निश्चित प्रतिशत बजेट छुट्ट्याउनेछ ।

२. निर्मित संरचनाहरुलाई चालु अवस्थामा राख्न विभिन्न सेवा प्रदायकबाट वार्षिक रुपमा सेवाशुल्क लिई चालु अवस्थामा राख्ने नीति लिइनेछ ।

३. भौतिक पूर्वाधार सडक निर्माणको लागि बजेट विनियोजन गर्दा केही अंश सडक मर्मत संभार कोषमा राख्ने नीति लिइनेछ ।

४. नगरपालिकाले भौतिक पुर्वाधार मर्मत संभारको लागि आफ्नो आन्तरिक आयको केही अंश र मर्मत संभारको लागि विभिन्न श्रोतबाट प्राप्त हुने रकम समेत मर्मत संभार कोषमा राखी वार्षिक मर्मत संभारकार्य योजना तयार गर्ने नीति लिइनेछ ।

५. नगरक्षेत्रका सम्पूर्ण भौतिक संरचना सडकलाई सधैं चालु अवस्थामा राखनको लागि बहुवार्षिक कार्यक्रम (मंसिर देखि कात्तिक मसान्तसम्म) तर्जुमा गरी नगरक्षेत्रका सबै सडकहरुलाई बाहै महिना चालु अवस्थामाराख्ने नीति हुनेछ ।

६. सडक मर्मत कार्यक्रमलाई व्यवस्थित गर्न नगरपालिकाले समिति गठन गर्न **सक्नेछ ।**

# परिच्छेद -३

# वर्गीकरण

**६. नगरपालिका क्षेत्रभित्रका भौतिक संरचनालाई निरन्तर दुरुस्त अवस्थामाराख्न मर्मत संभार गर्नुपर्ने भौतिक संरचनाहरुको वर्गीकरण निम्नानुसार गरिनेछ ।**

**क. नियमित मर्मत संभारः**

निरन्तर दुरुस्त अवस्थामा राख्न आवश्यक पर्ने सामान्य खर्च लाग्दछ ।

**ख. आवधिक मर्मत संभारः**

यसमा निर्मित संरचनालाई निश्चित समयान्तरमा गरिने मुख्य-मुख्य मर्मत संभारका कार्य पर्दछन् ।

**ग. विस्तृत मर्मत संभारः**

नियमित वा आवधिक मर्मत संभारबाट पनि निरन्तर दुरुस्त अवस्थामा राख्न नसकिने देखिएमा गरिने मर्मत संभार जसमा Redesigning realignment reconstruction र upgrading गर्ने गरिन्छ ।

**घ. आपतकालिन मर्मत संभारः**

तत्काल मर्मत संभार नगर्दा ठूलो क्षति हुने अवस्थामात्यस्ता संरचनाको मर्मत संभार गरिनेछ । साथै बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने क्षतिबाट सडकको संरक्षण गर्न तथा क्षति भएको सडकलाई मर्मत संभार गरी चालु राखिनेछ ।

# परिच्छेद -४

# कोष व्यवस्थापन तथा कार्यान्वयन प्रक्रिया

## ७. कोषमा प्राप्त हुने रकमः

**मर्मत संभार कोषमा देहायका रकम प्राप्त हुनेछन्:–**

१. नगरपालिकाले आफ्नो आन्तरिक आम्दानीबाट सडक मर्मत संभार कोषको लागि छुट्याएको रकम,

२. योजना कार्यान्वय हुँदा सोही योजनाको बजेटबाट मर्मत संभारकोषमा प्राप्त हुने रकम प्रस्तावित ३ देखि ५ प्रतिशत,

३. नेपाल सरकारबाट सडक मर्मत संभारको लागि प्राप्त हुने रकम,

४. जिल्ला विकास समितिबाट मर्मत संभारको लागि प्राप्त हुने रकम,

५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,

६. सडक बोर्डबाट प्राप्त हुने रकम,

७. नगरपालिकाबाट निर्मित सडकको सेवा शुल्कबाट प्राप्त हुने निश्चित प्रतिशतको रकम,

८. नगरपालिकाबाट निर्मित/हस्तान्तरित सडक/अन्य भौतिक संरचनाको सेवाशुल्कबाट प्राप्त अन्य रकम

## ८. मर्मत संभार कार्यान्वय प्रक्रियाः

नगरपालिकाबाट निर्मित संरचनाको मर्मत संभार कार्यान्वयन प्रक्रिया निम्नानुसार हुनेछः-

१. प्रत्येक आर्थिक वर्षको परिषदबाटममर्मत संभार सम्बन्धी कार्यक्रम स्वीकृत गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्र निर्मित सडक लगायतका संरचना मर्मत संभार निम्न तरिकाबाट गरिनेछ ।

क) नियमित मर्मत संभारको लागि सडक मर्मत संभार सेवा करार:

यसमा मर्मत संभार गनुपर्ने सडकको नियमित संभारको लागिमंसिर देखि कात्तिक सम्मको कायृक्रम, लागत अनुमान तयार गर्ने र उक्त लागत अनुमानको आधारमा निर्माण व्यवसायीबाट मर्मत संभार सेवा करारमा लिने । यसरीमर्मत संभार गरएका सडकको Ridding surfaceindex सडकमा सवारी साधन गुड्दा/गुडाउँदा उपयुक्त हुने नहुने स्थितको मूल्याँकन गरी सही आधारमा प्रत्येक ३/ ३ महिनामा कार्य मूल्याँकन गरी करारवालालाई किस्ताबन्दीमा रकम भुक्तानी दिइनेछ ।

ख) नगरपालिकाबाट अमानतबाट मर्मत संभार गर्ने ।

ग) उपभोक्ता समितिबाट

घ) ठेक्कापट्टाको माध्यमबाट स्थानीय निर्माण व्यवसायी नियुक्ति गरी

# परिच्छेद -५

# कोष संचालन कार्यविधि

## ९. मर्मत संभार कोष संचालन कार्यविधि निम्न अनुसार हुनेछ:-

१. नियम बमोजिम् प्राप्त रकम नगरपालिकाको नाममा छुट्टै खातामा राखिनेछ ।

२. उक्त खाता नगरपालिकाको कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

३. यस खातामा रहेको रकम सडक, कुलो, नहर, नाली, ढल एवं नगरपालिकाले लगानी गरी निर्माण गरिएको वा हस्तान्तरण भई आएको भौतिक संरचनाहरु मर्मत संभार देखि बाहेक अन्य कार्यमा खर्च गरिने छैन ।

# परिच्छेद -६

## लेखा र लेखापरीक्षण

१. यस खाताबाट हुने खर्चको लेखा "स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम २०६४" बमोजिम् हुनेछ ।

२. खाताबाट खर्च भएको रकमको नगरपालिकाको अन्य खर्च जस्तै गरी आन्तरिक र अन्तिम लेखापरीक्षण गरिनेछ ।

## परिच्छेद -७

## विविध

**१०.निर्देशन दिन सक्ने: पुतलीबजार नगरपालिका बोर्डले समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।**

**११ अनुगमन तथा रेखदेख: मर्मत संभार कोषबाट भएको कामको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको आर्थिक प्रशासन शाखा तथा योजना शाखाले गर्नुपर्नेछ ।**

**१२ अधिकार प्रत्यायोजन: यस निर्देशिकाका सम्बन्धीत प्राविधिक बोर्डलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।**

**१३ दायित्व सर्ने: यो निदेशिका प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको मर्मत संभारसँग सम्बन्धीत हक वा दायित्व यस निर्देशिका बमोजिम्को कोषमा सर्नेछन् ।**

**१४ बाधा अड्काउ फुकाउने अधिकार: यो निर्देशिका प्रयोगमा कुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।**

**१४ बचाउ: यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाले यस विषयमा भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम् भए गरेको मानिनेछ ।**

**(समाप्त)**

# पुतलीबजार नगरपालिकाको

# प्रकोप व्यवस्थापन कोष संचालन विनियमावली

२०६६

# विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३. | प्रकोप व्यवस्थापन कोषको स्थापना | २ |
| ४. | प्रकोपको किसिम | ३ |
| ५. | प्रकोपबाट हुने क्षति | ३ |
| ६. | प्रकोप व्यवस्थापन कोषबाट संचालन गरिने कार्यहरु | ३ |
| ७. | संचालक समितिको गठन र बैठक प्रक्रिया | ४ |
| ८. | प्रकोप व्यवस्थापन कोष खर्च प्रक्रिया | ५ |
| ९. | निर्देशन दिनसक्ने | ६ |
| १०. | अनुगमन तथा रेखदेख | ६ |
| ११. | अधिकार प्रत्यायोजन | ६ |
| १२. | दायित्व सर्ने | ६ |
| १३. | बाधा अड्काउ फुकाउने अधिकार | ६ |
| १४. | निर्देशिका जारी गर्न सकिने | ६ |
| १५. | बचाउ | ६ |

# प्रकोप व्यवस्थापन कोष संचालन विनियमावली, २०६६

पुतलीबजार नगरपालिका क्षेत्रमा बेला बेलामा आकस्मिक रुपमा दैवी, प्राकृतिक, मानवीय क्रियाकलाप तथा अन्य महामारी आदि कारणबाट हुन आउने प्रकोपको व्यवस्थापन गर्न आवश्यक देखिएकोले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७५ ले दिएका अधिकार प्रयोग गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ३३ मा भएको व्यवस्था अनुसार पुतलीबजार न. पा. को १३ औं नगरपरिषदले देहायको विनियमावली बनाइ लागू गरेको छ ।

## परिच्छेद -एक
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो विनियमावलीको नामको नाम पुतलीबजार नगरपालिका "प्रकोप व्यवस्थापन कोष संचालन विनियमावली, २०६६" रहेको छ ।

२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कोष" भन्नाले पुतलीबजार नगरपालिकाको क्षेत्रमा "प्रकोप व्यवस्थापन गर्नको लागि स्थापना गरेको कोष सम्झनुपर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ ।

(ग) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ ।

(घ) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्दछ ।

(ङ) "परिषद्" भन्नाले पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ ।

(च) "बोर्ड" भन्नाले पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ ।

(छ) समिति भन्नाले कोष संचालनको लागि गठन भएको संचालक समिति

**सम्झनुपर्दछ ।**

**(ज) "कर्मचारी" भन्नाले पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ ।**

**(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।**

**(ञ) "कार्यकारी अधिकृत" भन्नाले पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।**

**(ञ) "तोकिएको" वा "तोकिए बमोजिम्" भन्नाले बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।**

# परिच्छेद -दुई

# प्रकोप व्यवस्थापन कोष स्थापना सम्बन्धी व्यवस्था

## ३. प्रकोप व्यवस्थापन कोष स्थापनाः

(१) स्थानीय स्वायत्त शासन नियमावलीको नियम २६५ को प्रयोजन तथा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ३३ को प्रयोजनको लागि पु. ब. न. पा. को १३ औं नगरपरिषद्बाट **"पुतलीबजार नगरपालिका प्रकोप व्यवस्थापन कोष"** नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम १ बमोजिम्को कोषमा देहाय बमोजिम्का रकमहरु रहनेछन्:

(क) पुतलीबजार नगरपालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त रकम,

(ख) कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त साँवा र व्याज रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नेपाल सरकारबाट प्रकोप व्यवस्थापन गर्नको लागि प्रदान गर्ने अनुदान रकम,

(ङ) वैदेशिक सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम,

(छ) पुर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा प्रकोप व्यवस्थापनलाई छुट्याइएको निश्चित प्रतिशत रकम,

(ज) उक्त कार्यका लागि अन्य श्रोतबाट प्राप्त हुने रकम,

तर त्यस्तो सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

(३) उपनियम २ बमोजिम् कोषमा जम्मा भएको रकम **"प्रकोप व्यवस्थापन कोष"** नामको खाता खोली आर्थिक कारोकारको संचालन गरिनेछ ।

# परिच्छेद -तीन

# प्रकोपका किसिम र क्षति

## ४. प्रकोपको किसिमः

(क) मानव श्रृजितः

मानवीय क्रियाकलापबाट भविष्यमा हुने क्षति/नोक्सानीलाई मानव श्रृजित प्रकोप मानिन्छ । जस्तैः भवन,कलकारखाना,सडक निर्माण पछि जाने पैह्रो ।

(ख) प्राकृतिक प्रकोपः

कहिलेकाही आकस्मिक रुपमा प्राकृतिक प्रकोप हुँदा ठूलो धनजनको क्षति हुन्छ । जस्तैः भूकम्प, अतिवृष्टिबाट  बाढी-पैह्रो ।

(ग) अन्य प्रकोपः

यस प्रकारको प्रकोपमा बेला-बखतमा फैलिन सक्ने सरुवा तथा महामारी जस्ता रोगहरु जंगली जन्तु (बहुलाएको बाघ, भालु हात्ती, स्याल, फ्याउरो)  आदिबाट  हुने  आक्रमण, चरा चरुङ्गीबाट फैलिन सक्ने रोग तथा सर्पको टोकाईबाट हुने क्षति आदि पर्दछन् ।

## ५. प्रकोपबाट हुने क्षतिः

(क) मानवीय क्षतिः

यसमा प्राकृतिक तथा मानव श्रृजित क्रियाकलापले गर्दा मानिसहरुको अंगभंग हुने तथा मृत्यु हुनेहुन्छ ।

(ख) धन सम्पत्तिको क्षतिः

प्राकृतिक तथा मानव श्रृजित क्रियाकलाबाट प्रकोप हुँदा हुने सबै प्रकारको (मानवीय बाहेक) क्षति ।

# परिच्छेद -चार

# कार्यहरु

## ६. प्रकोप व्यवस्थापन कोषबाट संचालन गरिने कार्यहरुः

**(क) प्रकोप व्यवस्थापन** सम्बन्धी नीति योजना बनाउने ।

**(ख) संभाव्य प्रकोप क्षेत्रको पहिचान:** प्रकोप व्यवस्थापन सम्बन्धी नीति योजना बनाउने ।

**(ग) प्रकोप न्यूनीकरण:**

प्रकोप न्यूनीकरण सम्बन्धी देहाय बमोजिम् कार्यक्रम संचालन गरिने छ ।

१) प्रकोप न्यूनीकरणको लागि पुतलीबजार नगरपालिका बासीहरुमा प्रकोपका किसिम र त्यसबाट हुने क्षति तथा हुने क्षतिलाई न्यूनीकरण गर्ने उपायहरका बारेमा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

२) पूर्व सावधानी अपनाउने:

नगरवासीहरुलाई प्रकोप हुँदा अपनाउनुपर्ने उपायहरुको बारेमा जानकारी गारउने ।

(घ) **प्रकोप व्यवस्थापन कोषलाई व्यवस्थित गर्न नगरपालिकाले अपनाउने रणनीतिहरु:**

१) प्रकोप व्यवस्थापन कोष नामक एक कोष स्थापना गरिनेछ ।

२) विकास निर्माणका आयोजनाहरु कार्यान्वयन गर्दा प्रकोप व्यवस्थापनसँग आबद्ध गरिनेछ ।

(३) नगरपालिकाको बजेट तथा कार्यक्रममा प्रकोप व्यवस्थापनलाईप्राथमिकता दिइनेछ ।

(४) प्रकोप व्यवस्थापन कोषमा पूर्वाधार निर्माणका आयोजनाहरुको योगदानलाई अनिवार्य गराइनेछ ।

(५) सम्भाव्य प्रकोपलाई न्यूनीकरण गर्न सम्म्भाव्य क्षेत्रको पहिचान गरिनेछ ।

(६) सम्भाव्य प्रकोपलाई न्यूनीकरण गर्न नगरवासीहरुमा विभिन्न सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

(७) नगरवासीहरुमा प्रकोपलाई न्यूनीकरण गर्न विभिन्न उपायहरुको जानकारी गराइनेछ ।

(८) नगरपालिकाको क्षेत्रमा प्रकोप व्यवस्थापन गर्न राहत, उद्धार, पुनस्थापन, पुनर्निर्माण र समन्वयमा काम गरिनेछ ।

(९) पूर्वाधार विकास निर्माणका आयोजनाहरु संचालन गर्दा त्यस्ता आयोजनाहरुबाट पर्न जाने क्षतिलाई न्यून गर्न निश्चित कार्यक्रम र आयोजनाहरुमा Bio engineering कामका लागि ३ प्रतिशत रकम आयोजनाको लागतमा समावेश गरी उक्त कार्यमा प्रयोग गरिनेछ ।

# परिच्छेद -पाँच

# संगठन सम्बन्धी व्यवस्था

## ७. संचालक समितिको बैठक र गठन प्रक्रिया:

(१) नगरपालिकामा प्रकोप व्यवस्थापनकोष संचालन गर्न निम्नानुसारको संचालक समिति हुनेछ ।

**क. नगरपालिकाको प्रमुख** **अध्यक्ष**

**ख. नगरपालिकाको उप-प्रमुख** **सदस्य**

**ग. नगरपालिकाको वडा सदस्यहरु** ,,

**घ. प्रतिनिधि जि. बि. स.** ,,

**ङ. प्रतिनिधि जिल्ला प्रशासन कार्यालय** ,,

**च. सभापति जिल्ला रेडक्रस** ,,

**छ. कार्यकारी अधिकृत** **सदस्य सचिव**

स्पष्टिकरण:
नगरपालिकामा निर्वाचित प्रतिनिधि नहुँदा नगरपालिका स्थित राजनैतिक दलका सदस्यहरु रहनेछन् ।

(२) मूल समितिले वडा स्तरमा आवश्यकता अनुसार प्रकोप व्यवस्थापन गर्न वडाध्यक्षको संयोजकत्वमा उपसमिति गठन गर्न सकिनेछ ।

(३) समिति वा उपसमितिमा आवश्यकता अनुसार सम्बन्धीत संस्था वा व्यक्तिलाई आमन्त्रण गर्न सकनेछ ।

(४) समितिले आफ्नो कार्यको व्यवस्थापन आफै गर्नेछ ।

# परिच्छेद -छ

# कोषको निर्णय प्रक्रिया

## ८. प्रकोप व्यवस्थापन कोष खर्च गर्ने प्रक्रिया:

नगरपालिकामा प्रकोप व्यवस्थापनको लागि छुट्टै स्थापित कोषबाट खर्च गर्दा निम्न प्रक्रिया अवलम्वन गरिनेछ ।

(क) प्रकोप व्यवस्थापनका कोषलाई दुई भागमा विभाजन गरिनेछ जसमा प्रकोप न्यूनिकरणको लागि कोषमा रहेको रकमको ३०% सम्म मात्र खर्च गर्न सकिनेछ ।

(ख) प्रकोप भैसकेपछि राहत तथा उद्धार, पुनस्थापना र पुन निर्माणको लागि ७०% सम्म रकम खर्च गरिनेछ ।

(ग) प्रकोप सचेतना कार्यक्रम न. पा. र गै. स. स. स्थानीय समुदायको संयुक्त साझेदारीमा संचालन गरिनेछ ।

(घ) कोषको रकम संचालन कार्यकारी अधिकृत र नगरपालिकाको आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

# परिच्छेद -सात

# विविध

**९. निर्देशन दिन सक्ने:** कोष संचालन प्रक्रियालाई व्यवस्थित गर्ने विषयमा पुतलीबजार नगरपालिका बोर्डले समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१०. अनुगमन तथा रेखदेख:** कोष संचालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको आर्थिक प्रशासन शाखाले गर्नुपर्नेछ ।

**११. अधिकार प्रत्यायोजन:** यस विनियमावली बमोजिम् समितिलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१२. दायित्व सर्ने:** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको प्रकोप व्यवस्थापन कोषसँग सम्बन्धीत हक वा दायित्व यस विनियमावली बमोजिम्को कोषमा सर्नेछन् ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार:** यो विनियमावलीको प्रयोगमा कुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।

**१४.निर्देशिका जारी गर्न सकिने:** यो विनियमावली कार्यान्वयन गर्न समितिको परामर्शमा बोर्डले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

**१५ बचाउः** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाको प्रकोप व्यवस्थापन कोषका नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै विनियमावली बमोजिम् भए गरेको मानिनेछ ।

**(समाप्त)**

# पुतलीबजार नगरपालिकाको

# तरकारी- फलफूल र माछा-मासु व्यवसाय संचालन सम्बन्धी आचार संहिता विनियमावली

२०६७

# विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | उद्देश्य | २ |
| ४ | नगरक्षेत्रभित्र मासुको व्यवस्थित बिक्री वितरणको लागि नगरपालिकाबाट लिइने नीति र रणनीतिहरु | २ |
| ५ | नगरपालिकाको तर्फबाट गरिने बूँदाहरु | ३ |
| ६ | मासु व्यवसायीहरुबाट पालन गरिनु पर्ने बूँदाहरु | ३ |
| ७ | फलफूल र तरकारीको आपूर्ति व्यवस्थापन | ४ |
| ८ | नीति र रणनीतिहरु | ४ |
| ९ | फलफूल र तरकारीको आपूर्ति व्यवस्थित गर्न व्यवसायीहरुबाट पालन गरिनुपर्ने बूँदाहरु | ५ |
| १० | फलफूल र तरकारीको आपूर्ति व्यवस्थापनको लागि नगरपालिकाबाट पालन गरिने बूँदाहरु | ६ |
| ११ | नगरपालिका क्षेत्रभित्र मासुजन्य पदार्थ, फलफूल तथा तरकारी बिक्री वितरणको संगठनात्मक व्यवस्था | ६ |
| १२ | समन्वय समितिको काम कर्तव्य | ७ |
| १३ | निर्देशन दिन सक्ने | ७ |
| १४ | अनुगमन तथा रेखदेख | ७ |
| १५ | अधिकार प्रत्यायोजन | ७ |
| १६ | दायित्व सर्ने | ७ |
| १७ | बाधा अड्काउ फुकाउने अधिकार | ८ |
| १८ | निर्देशिका जारी गर्न सकिने | ८ |
| १९ | बचाउ | ८ |

# पुतलीबजार नगरपालिका तरकारी, फलफुल र माछा-मासु व्यवसाय संचालन सम्बन्धी आचार संहिता विनियमावली , २०६७

पुतलीबजार नगरबासीको समुचित स्वास्थ्य र दीर्घकालिन हितलाई ध्यानमा राखी माछा मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुको स्वाभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर, सुपथ मुल्य र सहज आपुर्ति कायम राख्न तथा पुतलीबजार नगरक्षेत्रभित्र फलफुल र तरकारीको स्वभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम गर्न र सुपथ मुल्य एवं सहज व्यवस्थित बिक्री वितरणको व्यवस्था गर्न आवश्यक भएकोले

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७५ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाको १३ औं नगरपरिषद्ले देहायको आचार संहिता बनाई लागू गरेको छ ।

## परिच्छेद:- एक

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो आचार संहिताको नाम " पुतलीबजार नगरपालिका तरकारी, फलफुल र माछा-मासु व्यवसाय संचालन सम्बन्धी आचार संहिता, २०६७" हुनेछ ।

(२) यो आचार संहिता नरपरिषद्बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ ।

(ग) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्दछ ।

(घ) "परिषद्" भन्नाले पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ ।

(ङ) "बोर्ड" भन्नाले पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ ।

(च) "समन्वय समिति" भन्नाले तरकारी, फलफुल र माछा-मासु व्यवसायको बिक्री वितरणलाई व्यवस्थीत गर्न गठित समिति सम्झनुपर्दछ ।

(छ) "कर्मचारी" भन्नाले पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ ।

(ज) “पशु” भन्नाले  गाई, गोरु, साँढे, बाहेक भाले जातको खसी तुल्याइएको वा नतुल्याइएको बोका, भेंडा, च्याङ्ग्रा, सुँगुर, बंगुर, बँदेल, राँगो, खरायो, वा मासुको लागि योग्य देखिएको थारा भैंसी बाखा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुँगुर, बंगुर, बँदेल, वा खरायो सम्झनुपर्दछ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपंछी समेत सम्झनुपर्दछ ।

(झ) “मासु” मानिसले खान योग्य पशुको मासु सम्झनुपर्दछ ।

(ञ) “पशु वधशाला” भन्नाले मासुको निमित्त पशु बध गर्न बनाइएको घर वा ठाँउ सम्झनुपर्दछ ।

(ट) “निरीक्षक” भन्नाले नगरपालिकाले मासु जाँचको लागि नियुक्ती गरेको निरीक्षकलाई सम्झनुपर्दछ ।

(ठ) “आर्थिक वर्ष” भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समाप्त हुने अवधिलाई  सम्झनुपर्दछ ।

(ड) “कार्यकारी अधिकृत” पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम्” भन्नाले  बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ण) “व्यवसायी”  भन्नाले पुतलीबजार नगरपालिकामा माछा र मासु, फलफुल तरकारी व्यवसाय गरी बित्रशी वितरण गर्न न. पा. मा नियमअनुसार व्यवसाय दर्ता गरी बिक्री वितरण गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई  सम्झनुपर्दछ ।

**३. उद्देश्यः** माछा-मासु ,फलफुल तथा तरकारी व्यवसायलाई व्यवस्थित रुपमा संचालन गरी जनतालाई स्वच्छ ताजा तथा गुणस्तरीय वस्तु वा सेवा सर्वसुलभ ढंगले सुपथ मूल्यमा उपलब्ध गराउने ।

# परिच्छेदः- दुई

## ४. नगरक्षेत्रभित्र मासुको व्यवस्थित बिक्री वितरणको लागि नगरपालिकाबाट लिइने नीति तथा रणनीतिहरु :

(१) मासु निरीक्षकको नियुक्ती गरी तोक्ने व्यवस्था हुनेछ । मासु सुपरीवेक्षण गर्ने कार्य सम्बन्धीत पशु सेवा कार्यालयको प्रमुख वा अधिकृत स्तरको कर्मचारीको सहयोग र समन्वयमा गरिनेछ ।

(२) पशु बध गर्नु अघि बिक्रेताले पशुपंछीहरु जचाँउने व्यवस्था मिलाइनेछ ।

(३) पशु बधशालामा बध गरिएका पशुको मासु जाँच गरेर वितरण गरिनेछ ।

(४) मरेका पशुको मासु बिक्री गर्न मिसावट गरी मासु बिक्री गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

(५) मासु जाँच गर्दा लाग्ने दस्तुर मासु व्यवसायीबाट तिर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

(६) मासु सुपरीवेक्षक तथा निरीक्षकले जुनसुकै बेला पशु बधशाला वा मासु बिक्री गरिने स्थानमा प्रवेश गरी पशुपंछी वा मासु जाँच गर्न वा मासुको नमुना लिन सक्नेछ ।

(७) मासु व्यवसायीहरुलाई  आफ्नो व्यवसाय अनिवार्य रुपमा नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

(८) व्यवस्थीत पशु बधशालाको निर्माण गरिनेछ ।

# परिच्छेदः- तीन

## ५. नगरपालिकाको तर्फबाट पालना गरिने बूँदाहरु देहाय बमोजिम् हुनेछः

(१) मासु जन्य वस्तुको मूल्य निर्धारण नगरपालिका, स्थानीय प्रशासन,  कृषि र पशु कार्यालयको प्रमुख, स्थानीय उद्योग बाणीज्य संघ र मासु व्यवसायीहरुको उचित परामर्शमा गरिनेछ ।

(२) पुतलीबजार नगरपालिकाबाट एक छुट्टै पशुबधशालाको व्यवस्था गरिने छ ।

(३) पुतलीबजार नगरपालिकाबाट मासु निरीक्षकको व्यवस्था गरिनेछ ।

(४) पुतलीबजार नगरपालिकाबाट माछा-मासु, तरकारी तथा फलफुल बिक्रीको लागि निश्चित स्थान तोकिनेछ ।

(५) पुतलीबजार नगरपालिकाबाट नियमित रुपमा मासु जाँचको  व्यवस्था मिलाइनेछ ।

(६) स्वास्थ्यको लागि हानिकारक माछा-मासु तरकारी फलफुल खाँदा त्यसबाट नगरवासीमा पर्न जाने असरको बारेमा नगरपालिकाबाट जनचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

(७) नगरपालिकाबाट मासु बिक्रेताको व्यवसायलाई  अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था गरिनेछ ।

(८) मासुजन्य पदार्थ संकलित फोहरलाई **Land fill site** सम्म उचित ढुवानीको व्यवस्था गरिनेछ ।

(९) व्यवसाय दर्ता तथा नविकरणको लागि दस्तुर निर्धारण गरिनेछ ।

(१०) व्यवसाय दर्ता प्रक्रिया सहज र सरल गराइनेछ ।

# परिच्छेदः- चार

## ६. मासु व्यवसायीहरुबाट पालना गरिने बूँदाहरु देहाय बमोजिम् हुनेछः

(१) मासु व्यवसायीहरुबाट नगरपालिकाले तोकेको स्थानमा मात्र बध गरिनेछ।

(२) बध गर्नु पूर्व तोकिएको पशु चिकित्सकबाट स्वास्थ्य परीक्षण गराइनेछ।

(३) नगरपालिकाले तोकेको स्थानमा मात्र मासुको बिक्री वितराण गरिनेछ।

(४) रोग लागि वा नलागि मरेका जीवजन्तुको मासुजन्य वस्तुहरु बिक्री गरिनेछैन।

(५) खुला स्थानमा राखी मासु बिक्री गरिनेछैन। मासु बिक्री गर्दा सिसाको बक्सभित्र राखी बिक्री वितरण गरिनेछ।

(६) मासु बिक्रेताले नगरपालिकामा मासु बिक्री व्यवसाय दर्ता गरी मात्र बिक्री गरिनेछ।

(७) उपभोक्ताहरुलाई स्वस्थ, शुद्ध, सफा मासु उपलब्ध गराई सामाजिक उत्तरदायित्व निर्वाह गरिनेछ।

(८) अखाद्य तत्वहरु खुवाई अनावश्यक तौल बढाइने जस्ता अनैतिक कार्य गरिनेछैन।

(९) सडेगलेका मासुजन्य वस्तुहरु बिक्री वितरण गरिनेछैन।

(१०) व्यवसाय संचालन गर्नु पूर्व पसल दर्ता गरी नगरपालिकाबाट तोकिएको दस्तुर समयमै बुझाइनेछ।

(११) मासुजन्य पदार्थबाट निस्कने फोहरलाई नगरपालिकाले तोकेको स्थानमा संकलन गरिनेछ।

(१२) मासुको मूल्य सूची अनिवार्य रुपमा राखिनेछ।

(१३) नगरपालिकाबाट समय-समयमा निरीक्षण गरी दिएको निर्देशनको पालना गरिनेछ।

(१४) स्त्री चौपाय तथा रोगी खसी, बोका, पाडा/राँगा, बंगुर, हाँस, कुखुरा आदिकोमासु बिक्री वितरण गरिनेछैन। (बाझिएको छ।)

(१५) परिच्देद १ को दफा २मा उल्लेखित पशु बाहेक अन्य पशुको मासु बिक्री गरिनेछैन।

# परिच्छेदः- पाँच

## ७. फलफुल तथा तरकारीको आपूर्ति व्यवस्थापनः

पुतलीबजार नगरबासीको स्वास्थ्य र हित कायम राख्न फलफूल तथा तरकारी जन्य खाद्य पदार्थमा मिसावट रोकन र उक्त खाद्य पदार्थको स्वाभाविक गुण बिग्रन नदिन उपयुक्त स्तर कायम राख्न सुपथ मूल्य र सहज आपुर्ति कायम राख्नको लागि नगरभित्र स्वास्थ्य सुपथ र सहज ढंगले तरकारी तथा फलफुलकोबिक्री वितरणको व्यवस्थ ागर्न आवश्यक भएको छ।

# परिच्छेदः- छ

## ८. नीति तथा रणनीतिहरु :

१) नगरवासीको स्वाथ्यताको लागि उनीहरुको दैनिक उपभोग्य वस्तु तरकारी तथा फलफुलको सुलभ आपूर्ति व्यवस्था मिलाइनेछ ।

२) तरकारी तथा फलफुलको बिक्री वितरणको लागि उपयुक्त बिक्री स्थानको व्यवस्था मिलाइनेछ ।

३) बिक्री वितरण र सरसफाइको पक्ष बीच समन्वय कायम गरिनेछ ।

४) तरकारी तथा फलफुल बिक्रेतालाई नगरपालिकामा दर्ताको व्यवस्था मिलाइनेछ ।

५) व्यवसाय दर्ता तथा बिक्री वितरण गर्ने स्थान उपलब्ध गराए वापत तोकिएको दस्तुर लिइनेछ ।

६) अर्गानिक विधिबाट उत्पादित तरकारी तथा फलफुलको बिक्रीलाई प्रोत्साहन गरिनेछ ।

# परिच्छेदः- सात

## ९. फलफुल तथा तरकारीको आपूर्ति व्यवस्थित गर्न व्यवसायीहरुबाट पालना गरिनुपर्ने बूँदाहरु :

क) नगरपालिकाले नगरक्षेत्रभित्र तरकारी तथा फलफुलको बिक्रीको लागि उपलब्ध गराएको स्थानबाट मात्र बिक्री वितरण गरिनेछ ।

ख) बिक्री वितरण गर्दा उत्पादित फोहरलाई नगरपालिकाबाट तोकिएको संकलन केन्द्रसम्म पुऱ्याउनु पर्नेछ ।

ग) तरकारी तथा फलफुल व्यवसायीलेआफ्नो व्यवसाय नगरपालिका वा तोकेको कार्यालयमा अनिवार्य दर्ता गर्नुपर्नेछ ।

घ) तोकिएको स्थानभन्दा बाहिर सडक पेटीलाई असर पर्ने गरी बिक्री वितरण गरिनेछैन ।

ङ) बढी मुनाफा कमाउने उद्देश्यले तरकारी तथा फलफुलको कृतिम अभाव गरिनेछैन ।

च) स्वास्थ्यमा असर पर्ने खालका  सडेगलेका तरकारी तथा फलफुल बिक्री गरिनेछैन ।

छ) व्यवसायीहरुबाट बिक्री गरिने वस्तुको मुल्यसूची अनिवार्य रुपमा सबैले देख्ने गरी टास्ने व्यवस्था मिलाईनेछ ।

ज) व्यवसायीहरुबाट गैर खाद्य वस्तुको मिसावट गरी बिक्री वितरण गर्न पाइनेछैन ।

झ) स्वास्थ्यलाई हानि पुग्ने गरी विषादी  प्रगोग गरी उत्पादन गरिएको तरकारी तथा फलफुल बिक्री गरिनेछैन ।

# परिच्छेदः- आठ

## १०. तरकारी तथा फलफुलको आपूर्ति व्यवस्थाको लागि नगरपालिकाबाट पालना गरिने बूँदाहरुः

क) नगरपालिकाबाट  तरकारी तथा फलफुलको बिक्री वितरण गर्न उपयुक्त व्यवस्था मिलाइनेछ ।

ख)  नियमित आपूर्ति हुन सके नसकेको विषयम निरीक्षण तथा अनुगमनको व्यवस्था गरिने छ ।

ग)  बिक्री वितरणको क्रममा हुने फोहरलाई पचित व्यवस्था गर्ने

घ) बिक्री वितरण स्थलमा पूर्वाधार विकासको लागि लगानी गर्ने ।

ङ) तरकारी तथा फलफुल बजारको विकासको लागि सार्वजनिक नीजि साझेदारी प्रक्रिया अवलम्बन गर्ने ।

च) नगर क्षेत्रमा जथाभावी बिक्री वितरण हुने कार्यलाई नियन्त्रण गरिने ।

छ) बिक्री वितरणमा कृतिम अभावलाई नियन्त्रण गरिने ।

ज) गुणस्तर हीन तरकारी तथा फलफुलको बिक्री वितरणमा नियन्त्रण गर्ने ।

झ) बिक्री वितरणमा कालाबजारी हुनमा नियन्त्रण गरिने ।

# परिच्छेदः- नौ

# संगठनात्मक व्यवस्था

## ११. नगरपालिका क्षेत्रभित्र मासुजन्य पदार्थ, फलफुल तथा तरकारी बिक्री वितरण गर्नको लागि निम्नानुसारको संगठनात्मक व्यवस्था हुनेछः

क) समन्वय समिति

| | |
|---|---|
| - नगरप्रमुख | अध्यक्ष |
| - प्रतिनिधी उद्योग वाणीज्य संघ | सदस्य |
| - प्रतिनिधि कृषि /पशु कार्यालय | ,, |
| - वडा अध्यक्षहरु | ,, |
| - कार्यकारी अधिकृत | सदस्य सचिव |

## १२. समन्वय समितिको काम, कर्तव्यः

१. नगरक्षेत्रबाट उत्पादित फोहरलाई अन्तिम विसर्जन गर्न **Land fill site** को पहिचान निर्माण र संचालन ।

२. मासु तरकारी तथा फलफुल बिक्रेतालाई व्यवसाय दर्ताको व्यवस्थापन ।

३. व्यवसाय दर्ता तथा नविकरण दस्तुर नगरपरिषदबाट स्वीकृत गराउने ।

४. बिक्री वितरणमा हुने कृतिम अभावलाई नियन्त्रण गर्न ।

५. मासु सुपरीवेक्षक तथा मासु सुपरीवेक्षकको नियुक्तीको लागि व्यवस्था मिलाउने ।

६. कृतिम मूल्य बृद्धिलाई नियन्त्रण गर्ने ।

७. बिक्री वितरण स्थल निर्माणको लागि पूर्वाधारको विकास गर्ने ।

८. बिक्री वितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

९. बिक्री वितरण व्यवस्थित गन उप-समिति गठन गर्ने ।

# परिच्छेदः दश

# विविध

**१३.निर्देशन दिन सक्ने:** आचार संहिता संचालन प्रक्रियालई  व्यवस्थित गर्ने विषयमा पुतलीबजार नगरपालिका बोर्डले समितिलाईृ आवश्यक निर्देशन दिनसक्नेछ  र त्यसरी दिएको निर्देशन पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

**१४ अनुगमन तथा रेखदेख:** आचार संहिता पालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको वातावरण सरसफाइ तथा  बजार अनुगमन शाखाले गर्नुपर्नेछ ।

**१५ अधिकार प्रत्यायोजन:** यस विनियमावली बमोजिम् समितिलाई प्राप्त अधिकार मध्ये कुनै  वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१६ दायित्व सर्ने:** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको आचार संहितासँग सम्बन्धीत हक वा दायित्व यस विनियमावली बमोजिम् कोषमा सर्नेछन् ।

**१७ बाधा अड्काउ फुकाउने अधिकार:** यो विनियमावलीको प्रयोगमाकुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।

**१८ निर्देशिका जारी गर्न सकिने:** यो विनियमावली कार्यान्वयन गर्न समितिको परामर्शमा बोर्डले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

**१९  बचाउ:** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाले यस विषयमा भए गरेका सम्पूर्ण कार्यहरु यसै आचार संहिता बमोजिम् भए गरेको मानिनेछ ।

(समाप्त)

# पुतलीबजार नगरपालिकाको

## मर्मत संभार कोष संचालन निर्देशिका

२०६७

# विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| | परिच्छेद १ | |
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | आवश्यकता | २ |
| ४ | मर्मत संभार कोष निर्देशिकाको उद्देश्य | २ |
| | परिच्छेद २ | |
| ५ | सडक मर्मत संभार नीतिहरु | २ |
| | परिच्छेद ३ | |
| ६ | भौतिक संरचनाको वर्गीकरण | ३ |
| | परिच्छेद ४ | |
| ७ | कोषमा प्राप्त हुने रकम | ४ |
| ८ | मर्मत संभार कार्यान्वयन प्रक्रिया | ५ |
| | परिच्छेद ५ | |
| ९ | मर्मत संभार कोष संचालन कार्यविधि | ५ |
| | परिच्छेद ६ | |
| १० | लेखा र लेखा परिक्षण | ६ |
| | परिच्छेद ७ | |
| ११ | निर्देशन दिनसक्ने | ६ |
| १२ | अनुगमन तथा रेखदेख | ६ |
| १३ | अधिकार प्रत्यायोजन | ६ |
| १४ | दायित्व सर्ने | ६ |
| १५ | बाधा अड्काउ फुकाउने अधिकार | ६ |
| १६ | बचाउ | ६ |

# पुतलीबजार नगरपालिकाको मर्मत संभार कोष संचालन निर्देशिका, २०६७

नगरपालिकाको भौगोलिक बनोट अस्थिर किसिमको, भिरालोपना, अव्यवस्थित ढल निकासले गर्दा प्राकृतिक प्रकोपको दृष्टिबाट पनि यस नगरपालिका क्षेत्रलाई संवेदनशील मानिन्छ । यस्तो अवस्थामा नगरपालिका र अन्य निकायबाट निर्माण गरिएका भौतिक संरचनाहरु भू-क्षय तथा नदी कटान जस्ता समस्याबाट ग्रस्त हुने र सडकमा हुने अवरोधले गर्दा अन्य कार्यहरु प्रत्यक्ष वा परोक्ष रुपबाट प्रभाव पर्ने भएकोले निर्माण गरिएका भौतिक संरचनालाई लामो अवधिसम्म चालु अवस्थामा राख्नको लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ५४ (घ) मा व्यवस्था भए अनुसार मर्मत संभार विशेष कोषलाई व्यवस्थित गर्न पुतलीबजार न. पा. को १४ औं नगरपरिषदबाट मर्मत संभार कोष संचालन निर्देशिका तर्जूमा गरी लागू गरिएको छ ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम “पुतलीबजार नगरपालिकाको मर्मत संभार कोष संञ्चालन निर्देशिका,२०६७” रहेकोछ ।

२. परिभाषा: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस यस निर्देशिकामा,

(क) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ ।

(ख) “नियमावली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ ।

(ग) “नगरपालिका” भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्दछ ।

(घ) “परिषद्” भन्नाले पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ ।

(ङ) “बोर्ड” भन्नाले पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ ।

(च) “कोष” भन्नाले सडक तथा अन्य भौतिक पूर्वाधारसँग सम्बन्धीत संरचना मर्मत सुधारको लागि प्राप्त भै जम्मा गरी एकमुष्ट गरिएको रकम सम्झनुपर्दछ ।

**(छ) "कर्मचारी" भन्नाले  पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ ।**

**(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समााप्त हुने अवधिलाई  सम्झनुपर्दछ ।**

**(झ) "कार्यकारी अधिकृत" भन्नाले पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।**

**(ञ) "तोकिएको" वा "तोकिए बमोजिम्" भन्नाले  बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।**

## ३. आवश्यकताः

**नगरपालिकाको लागि मर्मत संभार कोष निर्देशिका निम्न कार्यको लागि आवश्यक भै तर्जूमा गरिएको छ ।**

१. नगरपालिकाबाट निर्माण गरिएको  अन्य  निकायबाट  निर्माण  भै न. पा.मा हस्तान्तरण भै आएका सडक लगायतका अन्य भौतिक संरचनाको व्यवस्थित अभिलेख राख्न ।

२. निर्मित संरचनाहरुको मर्मत संभार समयमै गर्न ।

३. मर्मत संभार कोषलाई  व्यवस्थित गर्न ।

४. मर्मत संभार कोषको श्रोतमा बृद्धि गर्न ।

५. मर्मत संभार कोषबाट गरिने खर्चलाई व्यवस्थित गर्न ।

६. निर्मित पूर्वाधारको अवस्थालाई लामो समयसम्म दीगो रुपमा कायम राखी नियमित रुपले संचालनमा राख्न ।

## ४. मर्मत संभार कोष निर्देशिकाको उद्देश्यः

नगरपालिकाको लगानीबाट  निर्मित/हस्तान्तरित  भौतिक संरचनालाईकाल (समय) तथा उपभोगद्वारा हुने स्तर ह्रासको असरलाईकम गरी उपयोगी तथा उपभोग्य अवस्थामा राख्न, मर्मत  संभारको लागि आवश्यक पर्ने साधन श्रोतको उचित व्यवस्थापन गर्नु निर्देशिकाको उद्देश्य हुनेछ ।

# परिच्छेद -२

**५. मर्मत संभार नीतिहरुः**

मर्मत संभारको लागि नगरपालिकाको निम्नानुसारका नीतिहरु हुनेछन् ।

१. नगरपालिकाले निर्माण भई सकेका भौतिक संरचनाहरुलाई चालु अवस्थामा राख्न निश्चित प्रतिशत बजेट छुट्टयाउनेछ ।

२. निर्मित संरचनाहरुलाई चालु अवस्थामा राख्न विभिन्न सेवा प्रदायकबाट वार्षिक रुपमा सेवाशुल्क लिई चालु अवस्थामा राख्ने नीति लिइनेछ ।

३. भौतिक पूर्वाधार सडक निर्माणको लागि बजेट विनियोजन गर्दा केही अंश सडक मर्मत संभार कोषमा राख्ने नीति लिइनेछ ।

४. नगरपालिकाले भौतिक पुर्वाधार मर्मत संभारको लागि आफ्नो आन्तरिक आयको केही अंश र मर्मत संभारको लागि विभिन्न श्रोतबाट प्राप्त हुने रकम समेत मर्मत संभार कोषमा राखी वार्षिक मर्मत संभारकार्य योजना तयार गर्ने नीति लिइनेछ ।

५. नगरक्षेत्रका सम्पूर्ण भौतिक संरचना सडकलाई सधैं चालु अवस्थामा राखनको लागि बहुवार्षिक कार्यक्रम (मंसिर देखि कात्तिक मसान्तसम्म) तर्जुमा गरी नगरक्षेत्रका सबै सडकहरुलाई बाहै महिना चालु अवस्थामाराख्ने नीति हुनेछ ।

६. सडक मर्मत कार्यक्रमलाई व्यवस्थित गर्न नगरपालिकाले समिति गठन गर्न **सक्नेछ ।**

# परिच्छेद -३

# वर्गीकरण

**६. नगरपालिका क्षेत्रभित्रका भौतिक संरचनालाई निरन्तर दुरुस्त अवस्थामाराख्न मर्मत संभार गर्नुपर्ने भौतिक संरचनाहरुको वर्गीकरण निम्नानुसार गरिनेछ ।**

**क. नियमित मर्मत संभारः**

निरन्तर दुरुस्त अवस्थामा राख्न आवश्यक पर्ने सामान्य खर्च लाग्दछ ।

**ख. आवधिक मर्मत संभारः**

यसमा निर्मित संरचनालाई निश्चित समयान्तरमा गरिने मुख्य-मुख्य मर्मत संभारका कार्य पर्दछन् ।

**ग. विस्तृत मर्मत संभारः**

नियमित वा आवधिक मर्मत संभारबाट पनि निरन्तर दुरुस्त अवस्थामा राख्न नसकिने देखिएमा गरिने मर्मत संभार जसमा Redesigning realignment reconstruction र upgrading गर्ने गरिन्छ ।

**घ. आपतकालिन मर्मत संभारः**

तत्काल मर्मत संभार नगर्दा ठूलो क्षति हुने अवस्थामात्यस्ता संरचनाको मर्मत संभार गरिनेछ । साथै बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने क्षतिबाट सडकको संरक्षण गर्न तथा क्षति भएको सडकलाई मर्मत संभार गरी चालु राखिनेछ ।

# परिच्छेद -४

# कोष व्यवस्थापन तथा कार्यान्वयन प्रक्रिया

**७. कोषमा प्राप्त हुने रकमः**

**मर्मत संभार कोषमा देहायका रकम प्राप्त हुनेछन्:–**

१. नगरपालिकाले आफ्नो आन्तरिक आम्दानीबाट सडक मर्मत संभार कोषको लागि छुट्याएको रकम,

२. योजना कार्यान्वय हुँदा सोही योजनाको बजेटबाट मर्मत संभारकोषमा प्राप्त हुने रकम प्रस्तावित ३ देखि ५ प्रतिशत,

३. नेपाल सरकारबाट सडक मर्मत संभारको लागि प्राप्त हुने रकम,

४. जिल्ला विकास समितिबाट मर्मत संभारको लागि प्राप्त हुने रकम,

५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,

६. सडक बोर्डबाट प्राप्त हुने रकम,

७. नगरपालिकाबाट निर्मित सडकको सेवा शुल्कबाट प्राप्त हुने निश्चित प्रतिशतको रकम,

८. नगरपालिकाबाट निर्मित/हस्तान्तरित सडक/अन्य भौतिक संरचनाको सेवाशुल्कबाट प्राप्त अन्य रकम

## ८. मर्मत संभार कार्यान्वय प्रक्रियाः

नगरपालिकाबाट निर्मित संरचनाको मर्मत संभार कार्यान्वयन प्रक्रिया निम्नानुसार हुनेछः-

१. प्रत्येक आर्थिक वर्षको परिषदबाटममर्मत संभार सम्बन्धी कार्यक्रम स्वीकृत गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्र निर्मित सडक लगायतका संरचना मर्मत संभार निम्न तरिकाबाट गरिनेछ ।

क) नियमित मर्मत संभारको लागि सडक मर्मत संभार सेवा करारः

यसमा मर्मत संभार गनुपर्ने सडकको नियमित संभारको लागिमंसिर देखि कात्तिक सम्मको कायृक्रम, लागत अनुमान तयार गर्ने र उक्त लागत अनुमानको आधारमा निर्माण व्यवसायीबाट मर्मत संभार सेवा करारमा लिने । यसरीमर्मत संभार गरएका सडकको Ridding surfaceindex सडकमा सवारी साधन गुड्दा/गुडाउँदा उपयुक्त हुने नहुने स्थितको मूल्याँकन गरी सही आधारमा प्रत्येक ३/ ३ महिनामा कार्य मूल्याँकन गरी करारवालालाई किस्ताबन्दीमा रकम भुक्तानी दिइनेछ ।

ख) नगरपालिकाबाट अमानतबाट मर्मत संभार गर्ने ।

ग) उपभोक्ता समितिबाट

घ) ठेक्कापट्टाको माध्यमबाट स्थानीय निर्माण व्यवसायी नियुक्ति गरी

# परिच्छेद -५

# कोष संचालन कार्यविधि

**९. मर्मत संभार कोष संचालन कार्यविधि निम्न अनुसार हुनेछः-**

१. नियम बमोजिम् प्राप्त रकम नगरपालिकाको नाममा छुट्टै खातामा राखिनेछ ।

२. उक्त खाता नगरपालिकाको कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

३. यस खातामा रहेको रकम सडक, कुलो, नहर, नाली, ढल एवं नगरपालिकाले लगानी गरी निर्माण गरिएको वा हस्तान्तरण भई आएको भौतिक संरचनाहरु मर्मत संभार देखि बाहेक अन्य कार्यमा खर्च गरिने छैन ।

# परिच्छेद -६

# लेखा र लेखापरीक्षण

१. यस खाताबाट हुने खर्चको लेखा "स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम २०६४" बमोजिम् हुनेछ ।

२. खाताबाट खर्च भएको रकमको नगरपालिकाको अन्य खर्च जस्तै गरी आन्तरिक र अन्तिम लेखापरीक्षण गरिनेछ ।

# परिच्छेद -७

# विविध

**१०.निर्देशन दिन सक्नेः पुतलीबजार नगरपालिका बोर्डले समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।**

**११ अनुगमन तथा रेखदेखः** मर्मत संभार कोषबाट भएको कामको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको आर्थिक प्रशासन शाखा तथा योजना शाखाले गर्नुपर्नेछ ।

**१२ अधिकार प्रत्यायोजनः** यस निर्देशिकाका सम्बन्धीत प्राविधिक बोर्डलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१३ दायित्व सर्नेः** यो निदेशिका प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको मर्मत संभारसँग सम्बन्धीत हक वा दायित्व यस निर्देशिका बमोजिम्को कोषमा सर्नेछन् ।

**१४ बाधा अड्काउ फुकाउने अधिकारः** यो निर्देशिका प्रयोगमा कुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।

**१४ बचाउः** यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाले यस विषयमा भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम् भए गरेको मानिनेछ ।

**(समाप्त)**

# पुतलीबजार नगरपालिकाको

## प्रकोप व्यवस्थापन कोष संचालन विनियमावली

२०६७

# विषय-सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३. | प्रकोप व्यवस्थापन कोषको स्थापना | २ |
| ४. | प्रकोपको किसिम | ३ |
| ५. | प्रकोपबाट हुने क्षति | ३ |
| ६. | प्रकोप व्यवस्थापन कोषबाट संचालन गरिने कार्यहरु | ३ |
| ७. | संचालक समितिको गठन र बैठक प्रक्रिया | ४ |
| ८. | प्रकोप व्यवस्थापन कोष खर्च प्रक्रिया | ५ |
| ९. | निर्देशन दिनसक्ने | ६ |
| १०. | अनुगमन तथा रेखदेख | ६ |
| ११. | अधिकार प्रत्यायोजन | ६ |
| १२. | दायित्व सर्ने | ६ |
| १३. | बाधा अड्काउ फुकाउने अधिकार | ६ |
| १४. | निर्देशिका जारी गर्न सकिने | ६ |
| १५. | बचाउ | ६ |

# प्रकोप व्यवस्थापन कोष संचालन विनियमावली, २०६७

पुतलीबजार नगरपालिका क्षेत्रमा बेला बेलामा आकस्मिक रुपमा दैवी, प्राकृतिक, मानवीय क्रियाकलाप तथा अन्य महामारी आदि कारणबाट हुन आउने प्रकोपको व्यवस्थापन गर्न आवश्यक देखिएकोले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७५ ले दिएका अधिकार प्रयोग गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ३३ मा भएको व्यवस्था अनुसार पुतलीबजार न. पा. को १४ औं नगरपरिषदले देहायको विनियमावली बनाइ लागू गरेको छ।

## परिच्छेद -एक
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो विनियमावलीको नामको नाम पुतलीबजार नगरपालिका "प्रकोप व्यवस्थापन कोष संचालन विनियमावली, २०६७" रहेको छ।

२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कोष" भन्नाले पुतलीबजार नगरपालिकाको क्षेत्रमा "प्रकोप व्यवस्थापन गर्नको लागि स्थापना गरेको कोष सम्झनुपर्दछ।

(ख) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ।

(ग) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ।

(घ) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्दछ।

(ङ) "परिषद्" भन्नाले पुतलीबजार नगरपालिकाको परिषद् सम्झनुपर्दछ।

(च) "बोर्ड" भन्नाले पुतलीबजार नगरपालिकाको बोर्ड सम्झनुपर्दछ।

(छ) समिति भन्नाले कोष संचालनको लागि गठन भएको संचालक समिति सम्झनुपर्दछ।

(ज) "कर्मचारी" भन्नाले पुतलीबजार नगरपालिकाको स्थायी कर्मचारी सम्झनुपर्दछ।

**(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषढ मसान्तसम्ममा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।**

**(ञ) "कार्यकारी अधिकृत" भन्नाले पुतलीबजार नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।**

**(ञ) "तोकिएको" वा "तोकिए बमोजिम्" भन्नाले बोर्डले निर्णय गरी समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।**

# परिच्छेद -दुई

# प्रकोप व्यवस्थापन कोष स्थापना सम्बन्धी व्यवस्था

## ३. प्रकोप व्यवस्थापन कोष स्थापनाः

(१) स्थानीय स्वायत्त शासन नियमावलीको नियम २६५ को प्रयोजन तथा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ३३ को प्रयोजनको लागि पु. ब. न. पा. को १४ औं नगरपरिषद्बाट **"पुतलीबजार नगरपालिका प्रकोप व्यवस्थापन कोष"** नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम १ बमोजिम्को कोषमा देहाय बमोजिम्का रकमहरु रहनेछन्:

(क) पुतलीबजार नगरपालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त रकम,

(ख) कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त साँवा र व्याज रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नेपाल सरकारबाट प्रकोप व्यवस्थापन गर्नको लागि प्रदान गर्ने अनुदान रकम,

(ङ) वैदेशिक सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम,

(छ) पुर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा प्रकोप व्यवस्थापनलाई छुट्याइएको निश्चित प्रतिशत रकम,

(ज) उक्त कार्यका लागि अन्य श्रोतबाट प्राप्त हुने रकम,

तर त्यस्तो सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

(३) उपनियम २ बमोजिम् कोषमा जम्मा भएको रकम **"प्रकोप व्यवस्थापन कोष"** नामको खाता खोली आर्थिक कारोकारको संचालन गरिनेछ ।

# परिच्छेद -तीन

# प्रकोपका किसिम र क्षति

## ४. प्रकोपको किसिमः

(क) मानव श्रृजितः

मानवीय क्रियाकलापबाट भविष्यमा हुने क्षति/नोक्सानीलाई मानव श्रृजित प्रकोप मानिन्छ । जस्तैः भवन,कलकारखाना,सडक निर्माण पछि जाने पैह्रो ।

(ख) प्राकृतिक प्रकोपः

कहिलेकाही आकस्मिक रुपमा प्राकृतिक प्रकोप हुँदा ठूलो धनजनको क्षति हुन्छ । जस्तैः भूकम्प, अतिवृष्टिबाट बाढी-पैह्रो ।

(ग) अन्य प्रकोपः

यस प्रकारको प्रकोपमा बेला-बखतमा फैलिन सक्ने सरुवा तथा महामारी जस्ता रोगहरु जंगली जन्तु (बहुलाएको बाघ, भालु हात्ती, स्याल, फ्याउरो) आदिबाट हुने आक्रमण, चरा चरुङ्गीबाट फैलिन सक्ने रोग तथा सर्पको टोकाईबाट हुने क्षति आदि पर्दछन् ।

## ५. प्रकोपबाट हुने क्षतिः

(क) मानवीय क्षतिः

यसमा प्राकृतिक तथा मानव श्रृजित क्रियाकलापले गर्दा मानिसहरुको अंगभंग हुने तथा मृत्यु हुनेहुन्छ ।

(ख) धन सम्पत्तिको क्षतिः

प्राकृतिक तथा मानव श्रृजित क्रियाकलाबाट प्रकोप हुँदा हुने सबै प्रकारको (मानवीय बाहेक) क्षति ।

# परिच्छेद -चार

# कार्यहरु

## ६. प्रकोप व्यवस्थापन कोषबाट संचालन गरिने कार्यहरुः

**(क) प्रकोप व्यवस्थापन** सम्बन्धी नीति योजना बनाउने ।

**(ख) संभाव्य प्रकोप क्षेत्रको पहिचानः** प्रकोप व्यवस्थापन सम्बन्धी नीति योजना बनाउने ।

**(ग) प्रकोप न्यूनीकरणः**

प्रकोप न्यूनीकरण सम्बन्धी देहाय बमोजिम् कार्यक्रम संचालन गरिने छ ।

१) प्रकोप न्यूनीकरणको लागि पुतलीबजार नगरपालिका बासीहरुमा प्रकोपका किसिम र त्यसबाट हुने क्षति तथा हुने क्षतिलाई न्यूनीकरण गर्ने उपायहरका बारेमा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

२) पूर्व सावधानी अपनाउने:
नगरवासीहरुलाई प्रकोप हुँदा अपनाउनुपर्ने उपायहरुको बारेमा जानकारी गारउने ।

(घ) **प्रकोप व्यवस्थापन कोषलाई व्यवस्थित गर्न नगरपालिकाले अपनाउने रणनीतिहरु:**

१) प्रकोप व्यवस्थापन कोष नामक एक कोष स्थापना गरिनेछ ।

२) विकास निर्माणका आयोजनाहरु कार्यान्वयन गर्दा प्रकोप व्यवस्थापनसँग आबद्ध गरिनेछ ।

(३) नगरपालिकाको बजेट तथा कार्यक्रममा प्रकोप व्यवस्थापनलाईप्राथमिकता दिइनेछ ।

(४) प्रकोप व्यवस्थापन कोषमा पूर्वाधार निर्माणका आयोजनाहरुको योगदानलाई अनिवार्य गराइनेछ ।

(५) सम्भाव्य प्रकोपलाई न्यूनीकरण गर्न सम्म्भाव्य क्षेत्रको पहिचान गरिनेछ ।

(६) सम्भाव्य प्रकोपलाई न्यूनीकरण गर्न नगरवासीहरुमा विभिन्न सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

(७) नगरवासीहरुमा प्रकोपलाई न्यूनीकरण गर्न विभिन्न उपायहरुको जानकारी गराइनेछ ।

(८) नगरपालिकाको क्षेत्रमा प्रकोप व्यवस्थापन गर्न राहत, उद्धार, पुनस्थापन, पुनर्निर्माण र समन्वयमा काम गरिनेछ ।

(९) पूर्वाधार विकास निर्माणका आयोजनाहरु संचालन गर्दा त्यस्ता आयोजनाहरुबाट पर्न जाने क्षतिलाई न्यून गर्न निश्चित कार्यक्रम र आयोजनाहरुमा Bio engineering कामका लागि ३ प्रतिशत रकम आयोजनाको लागतमा समावेश गरी उक्त कार्यमा प्रयोग गरिनेछ ।

# परिच्छेद -पाँच

# संगठन सम्बन्धी व्यवस्था

## ७. संचालक समितिको बैठक र गठन प्रक्रिया:

(१) नगरपालिकामा प्रकोप व्यवस्थापनकोष संचालन गर्न निम्नानुसारको संचालक समिति हुनेछ ।

| | |
|---|---|
| **क. नगरपालिकाको प्रमुख** | **अध्यक्ष** |
| **ख. नगरपालिकाको उप-प्रमुख** | **सदस्य** |
| **ग. नगरपालिकाको वडा सदस्यहरु** | ,, |
| **घ. प्रतिनिधि जि. बि. स.** | ,, |

**ङ. प्रतिनिधि जिल्ला प्रशासन कार्यालय** ,,

**च. सभापति जिल्ला रेडक्रस** ,,

**छ. कार्यकारी अधिकृत** **सदस्य सचिव**

स्पष्टिकरण:
नगरपालिकामा निर्वाचित प्रतिनिधि नहुँदा नगरपालिका स्थित राजनैतिक दलका सदस्यहरु रहनेछन् ।

(२) मूल समितिले वडा स्तरमा आवश्यकता अनुसार प्रकोप व्यवस्थापन गर्न वडाध्यक्षको संयोजकत्वमा उपसमिति गठन गर्न सकिनेछ ।

(३) समिति वा उपसमितिमा आवश्यकता अनुसार सम्बन्धीत संस्था वा व्यक्तिलाई आमन्त्रण गर्न सकनेछ ।

(४) समितिले आफ्नो कार्यको व्यवस्थापन आफै गर्नेछ ।

# परिच्छेद -छ

# कोषको निर्णय प्रक्रिया

## ८. प्रकोप व्यवस्थापन कोष खर्च गर्ने प्रक्रिया:

नगरपालिकामा प्रकोप व्यवस्थापनको लागि छुट्टै स्थापित कोषबाट खर्च गर्दा निम्न प्रक्रिया अवलम्वन गरिनेछ ।

(क) प्रकोप व्यवस्थापनका कोषलाई दुई भागमा विभाजन गरिनेछ जसमा प्रकोप न्यूनिकरणको लागि कोषमा रहेको रकमको ३०% सम्म मात्र खर्च गर्न सकिनेछ ।

(ख) प्रकोप भैसकेपछि राहत तथा उद्धार, पुनस्थापना र पुन निर्माणको लागि ७०% सम्म रकम खर्च गरिनेछ ।

(ग) प्रकोप सचेतना कार्यक्रम न. पा. र गै. स. स. स्थानीय समुदायको संयुक्त साझेदारीमा संचालन गरिनेछ ।

(घ) कोषको रकम संचालन कार्यकारी अधिकृत र नगरपालिकाको आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

# परिच्छेद -सात

## विविध

**९. निर्देशन दिन सक्ने:** कोष संचालन प्रक्रियालाई व्यवस्थित गर्ने विषयमा पुतलीबजार नगरपालिका बोर्डले समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ  र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१०. अनुगमन तथा रेखदेख:** कोष संचालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख पुतलीबजार नगरपालिकाको आर्थिक प्रशासन शाखाले गर्नुपर्नेछ ।

**११. अधिकार प्रत्यायोजन:** यस विनियमावली बमोजिम् समितिलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१२. दायित्व सर्ने:** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि श्रृजना भएका पुतलीबजार नगरपालिकाको  प्रकोप व्यवस्थापन कोषसँग सम्बन्धीत हक वा दायित्व यस विनियमावली बमोजिम्को कोषमा सर्नेछन् ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार:** यो विनियमावलीको प्रयोगमा कुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार बोर्डलाई हुनेछ ।

**१४.निर्देशिका जारी गर्न सकिने:** यो विनियमावली कार्यान्वयन गर्न समितिको परामर्शमा बोर्डले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

**१५ बचाउ:** यो विनियमावली प्रारम्भ हुनुभन्दा अघि पुतलीबजार नगरपालिकाको प्रकोप व्यवस्थापन कोषका नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै विनियमावली बमोजिम् भए गरेको मानिनेछ ।

**(समाप्त)**